# राष्ट्रिय सूचना आयोग

काठमाडौं

पत्र संख्या ८०/८१

च. नं. ............

०१-४५९३९८४
०१-४५९६५४४

## १७ औं राष्ट्रिय सूचना दिवस मूल समारोह कार्यक्रमको प्रेस विज्ञप्ती

नेपालको संविधानमा सूचनाको हकलाई महत्वपूर्ण मौलिक हकका रूपमा स्वीकार गरिएको छ । सवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ बिक्रम संम्बत २०६४ साल साउन ५ गते जारी भई २०६४ भदौ ३ गते देखि लागु भएको दिनको सम्झनामा हरेक वर्ष भदौ ३ गते राष्ट्रिय सूचना दिवस मनाउदै आइरहेको छ। सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको प्रमुख आतिथ्यतामा मिति २०८०।०५।०३ गते एक समारोहबीचमा सम्पन्न भएको हो ।

उक्त कार्यक्रममा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सूचना दिवसको अवसरमा सुशासनको माध्यमबाट लोकतन्त्रलाई संस्थागत गर्न सार्वजनिक निकायमा रहेका सूचनामा नागरिकको पहुँच हुनु पर्ने बताउनु भयो। सार्वजनिक निकायले गोप्य राख्नु पर्ने बाहेकका अन्य सूचना उपलब्ध गराउनु पर्दछ । सूचनाको हकबाट पारदर्शिता, सुशासन, लोकतान्त्रिक पद्धतिलाई बलियो बनाउन सकिन्छ। नेपाल सरकार सूचनाको हक कार्यान्वयन गर्न प्रतिबद्ध रहेको र राष्ट्रिय सूचना आयोगको संस्थागत सबलीकरणको लागि लागिरहेको बताउनु भयो। उक्त कार्यक्रमको अध्यक्षता गरिरहनु भएका समारोहका अध्यक्ष तथा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरूङ्गले सूचनाको हक कार्यान्वयन गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी गर्न तत्कालीन समयमा प्रयास गर्ने विधायिका, सञ्चार जगत, सूचनाको हकका विज्ञ, अभियान्ता प्रति आभार प्रकट गर्नु भयो । सूचनाको हकसम्बन्धी कानूनी व्यवस्थामा सार्वजनिक निकायलाई फराकिलो रूपमा परिभाषित गरिएको छ । संयुक्त राष्ट्र संघले पनि सेप्टेम्बर २८ लाई सूचनाको हकसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउँदै आएको छ । नेपाल सरकारद्वारा गरिएका छानबीन प्रतिवेदनहरु राष्ट्रिय सुरक्षामा असर नपार्ने भएमा सार्वजनिक गर्दा नागरिक सहभागिता र विश्वास बढ्ने व्यहोरा राख्नु भयो । सूचनाको हक कार्यान्वयनको सिलसिलमा हरेक सार्वजनिक निकायमा सूचना अधिकारी तोकिएको भएता पनि स्वत: प्रकाशन सम्बन्धी कार्य अपेक्षित रुपमा हुन नसकेको हुँदा यसतर्फ ध्यान दिनु पर्ने बताउनु भयो। साथै राष्ट्रिय सूचना आयोगको भवन उपलब्ध भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो। त्यस्तै नेपाल पत्रकार महासंघका अध्यक्ष बिपुल पोखरेलले राष्ट्रिय सूचना दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै राष्ट्रिय सूचना आयोगको संस्थागत सबलीकरण गर्दै स्रोत साधन थप गर्नु पर्ने बताउनु भयो। सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मिद बागचन्दले महासंघले हालसम्म गरेको प्रयास चर्चा गर्दै सूचनाको हकको कार्यान्वयनको लागि सूचनाको हकका अभियान्ता सक्रियरूपमा लाग्नु पर्ने र राष्ट्रिय सूचना आयोगले थप सबलीकरण गर्नु पर्ने विषयमा जोड दिनु भयो। यस्तै पूर्व सूचना आयुक्त श्री सबिता भण्डारी बरालले नेपाल सरकारले लाल आयोग जस्ता प्रतिवेदन सार्वजनिक गर्नु पर्ने, मौलिक हक कार्यान्वयनको सिलसिलामा भएका आदेश उपर रिट क्षेत्र अन्तर्गत आदेश गर्ने विषयमा पुनरावलोकन गर्नु पर्ने बताउनु भयो । उक्त दिवसको अवसरमा सूचनाको हकको कार्यान्वयन, संरक्षण, प्रबर्द्धन गर्न योगदान दिनु हुने पूर्व सूचना आयुक्त श्री सबिता भण्डारी बरालज्यूलाई सम्मान गरिएको थियो। त्यस्तै राष्ट्रिय सूचना आयोगलाई प्रविधिमा सबलीकरण गर्न योगदान गर्ने नेपाल दूर सञ्चार प्राधिकणलाई धन्यवाद पत्र प्रदान गरिएको थियो। यस दिवसको अवसरमा राष्ट्रिय सूचना आयोगका सचिव श्री दिवस आचार्यले स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यकमको अवसरमा नेपाल सरकारका सचिव, पूर्व सूचना आयुक्तहरू, सञ्चारकर्मी, सूचनाको हकका अभियान्ताहरू, सुरक्षा कर्मी, कार्यालय प्रमुखहरू, सूचना अधिकारी लगायत करिब १३० जनाको उपस्थिति रहेको थियो ।

कमला ओली थापा
सूचना आयुक्त
प्रवक्ता

२०८० भदौ ३ आइतवार

info@nic.gov.np www.nic.gov.np @suchanaayog facebook.com/rtinepal